(ञ) विद्यालयको लेखापरीक्षण सम्बन्धमा लेखापरीक्षकले दिएको प्रतिवेदन अनुसार आवश्यक कारबाही गर्ने, गराउने,

(झ) विद्यालयलाई आर्थिक रूपमा आत्मनिर्भर गराउन योजना बनाई कार्य गर्ने, द्वन्द्व तथा विपद् व्यवस्थापन गर्ने ।

(ञ) विद्यालय बन्द गर्न, तह घटाउन, वढाउन, विद्यालय गाभ्नका लागि आवश्यक भएमा वडा शिक्षा समितिको सिफारिसमा आवश्यक कार्यबाही गर्ने,

(ट) शैक्षिक क्यालेण्डर बनाई विद्यालय सञ्चालन गर्न शिक्षा, युवा तथा खेलकुद महाशाखा मार्फत व्यवस्थापन समितिलाई निर्देशन दिने,

(ठ) गाउँ स्तरीय खेलकुद, स्काउट तथा साँस्कृतिक कार्यक्रमको सञ्चालन तथा विकासको लागि आर्थिक स्रोत जुटाउने र प्राप्त रकम खर्च गर्न शिक्षा, युवा तथा खेलकुद महाशाखालाई निर्देशन दिने,

(ड) आवासीय विद्यालयका विद्यार्थीका लागि खाना तथा पौष्टिक आहारको गुणस्तर तोक्ने ।

(ढ) गाउँकार्यपालिका तथा गाउँ सभावाट स्वीकृत शिक्षा योजना र मापदण्ड भित्र रही आवश्यक निर्देशन दिने ।

(ण) विद्यालयले कायम गर्नु पर्ने न्युनतम सरसफाई तथा शौचालयको मापदण्ड तोक्ने ।

त) गाउँ क्षेत्र भित्र विशेष आवश्यकता भएका वालबालिकाको तथ्यांक संकलन गरी उनीहरुका लागि उचित विद्यालय व्यवस्थापन गर्न आधार तयार पार्ने र सोही अनुसारको पठनपाठन व्यवस्था मिलाउने .

(थ) विद्यालय सुधार तथा बिकासकालागिवडा शिक्षा समिति तथा टोल शिक्षा समिति गठन गर्ने र नीति निर्देशन गर्ने

(द) गाउँपालिका भित्रका विद्यालयको दरबन्दी मिलान गर्ने

(ध) कुनै विद्यालयका शिक्षकलाई सरुवा गाउँ नहुने अबस्था आएमा विद्यालय व्यवस्थापन समितिको सिफारिसमा दरबन्दी सहित सरुवा गर्ने ।

(न) कुनै विद्यालयलाइ नमुनाको रुपमा संचालन गर्न एकमुष्ठ अनुदान दिइ संचालन गर्न लगाउने ।

(य) गाउँ शिक्षक तथा कर्मचारीको दरवन्दीका लागि गाउँकार्यपालिकामा शिफारिस गर्ने ।

(र) आवश्यकताको पहिचान गरी विद्यालयको भौतिक पूर्वाधार सुधारका लागि गाउँकार्यपालिकामा शिफारिस गर्ने ।

(ल) विद्यालयको बर्गीकरण गर्ने

(व) तोकिए बमोजिमको अन्य कार्य गर्ने गराउने ।

**२७. वडा शिक्षा समिति सम्बन्धी व्यवस्था :**

(१) प्रत्येक वडामा एउटा शिक्षा समिति रहने छ र वडा शिक्षा समिति तथा सो समितिको कार्यबिधि देहाय बमोजिम हुनेछ ।

(क) सम्बन्धित वडाको वडाध्यक्ष – अध्यक्ष

(ख) वडा समितिका सदस्यहरु मध्ये वडा समितिले तोकेको एकजना महीला–सदस्य

(ग) शिक्षक तथा प्रधानाध्यपकहरु मध्येबाट वडा शिक्षा समितिले तोकेको दुइजना –सदस्य

(घ) अभिभावक तथा शिक्षा प्रेमीहरु मध्येबाट वडा शिक्षा समितिले तोकेको एकजना–सदस्य

(ङ) विद्यालय व्यवस्थापन समितिका अध्यक्षहरु मध्येबाट वडा समितिले तोकेका १ जना –सदस्य

(च) वडा भित्रको सबैभन्दा उच्चतम विद्यालयको प्रधानाध्यापक –सदस्य सचिव

**२८. वडा शिक्षा समितिको काम कर्तव्य र अधिकार :** वडा शिक्षा समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

(क) विद्यालयहरुको सञ्चालन, रेखदेख, निरीक्षण र व्यवस्थापन गर्ने

(ख) गाउँपालिकासँग समन्वय गरी शैक्षिक विकासका कार्यक्रमहरु सञ्चालन गर्ने,

(ग) विद्यालय व्यवस्थापन समितिलाइ आबश्यक निर्देशन दिने

(घ) विद्यालयको सामाजिक लेखापरीक्षण गर्न लगाउने

(ङ) विद्यालयमा अनियमितता गर्ने शिक्षकलाइ कार्वाहीका लागि गाउँशिक्षा समितिमा सिफारिस गर्ने

(च) राम्रो कामगर्ने शिक्षकलाइ पुरस्कारको लागि शिफारिस गर्ने

(छ) विद्यार्थीको सिकाइ उपलव्धि मापन गरी, सिकाइ उपलव्धिको आधारमा शिक्षकलाइ पुरस्कार र दण्डको व्यवस्थागर्ने

(ज) जेहेन्दार, तथा विपन्न विद्यार्थीहरुलाइ छात्रवृत्तिको व्यवस्थागर्ने ।

(झ) विद्यालयको भौतिक निर्माण कार्य गर्ने गराउने, कुनै पनि शिक्षकलाइ निर्माण कार्यमा संलग्न गाउँउने ।

(ञ) द्वन्द्व तथा विपद् व्यवस्थापन गर्ने

(ट) विद्यालय सार्ने, गाभ्ने, नाम परिवर्तन गर्ने, तह थप गर्ने सम्बन्धमा गाउँ शिक्षा समितिलाइ सिफारिस गर्ने

(ठ) प्रारम्भिक बालविकास केन्द्र संचालनका लागि गाउँपालिकालाई शिफारिश गर्ने ।

(ड) विद्यालय व्यवस्थापन समिति तथा शिक्षक अभिभावक संघ गठनमा सहयोग गर्ने ।

(ढ) शिक्षाको गुणस्तर विकासकालागि शैक्षिक गुरुयोजना निर्माण गर्ने ।

(ण) शैक्षिक गुणस्तर सुधारका लागि शैक्षिक जनशक्ति व्यवस्थापन गर्न अनुदानको व्यवस्थागर्ने।

(त) सामुदायिक सिकाई केन्द्रको स्थापना, संचालन र व्याबस्थापन गर्ने ।

(थ) गाउँपालिका संगको समन्वयमा आबश्यकता अनुसार विद्यालयमा स्वयमसेवक शिक्षकको व्याबस्थ ागर्ने र सो कार्यका लागि बजेट विनियोजन गर्ने ।

## परिच्छेद ५

## विद्यालय व्यवस्थापन समिति सम्वन्धी व्यवस्था

**२९**. विद्यालय व्यवस्थापन समिति रहने : (१) यसऐन अन्तरगत व्यवस्था भएको समितिहरुको अधिकार क्षेत्र वाहेक विद्यालय संचालन गर्न प्रत्येक सामुदायिक विद्यालयमा देहाय वमोजिमको एक विद्यालय व्यवस्थापन समिति रहनेछ ।

(क) विद्यालयका अभिभावकले स्वयम मध्येवाट चुनेको २ जना महिलातथा अन्य सहित ४ जना–सदस्य

(ख) वडा अध्यक्ष वा निजले तोकेको सम्बन्धीत वडाको वडा सदस्य १ जना –सदस्य

(ग) शिक्षक तथा कार्मचारीहरुले आफू मध्येबाट छनौट गरेको १ जना शिक्षक –सदस्य

(घ) विद्यालयका संस्थापक स्थानीय बुद्धिजीवी र विद्यालयलाइ निरन्तर उल्लेख्य सहयोग गरेका वा नगद तथा जिन्सी दशलाख भन्दा बढी सहयोग गरेका व्यक्तिहरु मध्येबाट विद्यालय व्यवस्थापन समितिले मनोनित गरेका एक जना महीला सहीत दुइ जना –सदस्य

(ङ) विद्यालय स्तरीय बालक्लव ले मनोनयन गरेको एक बालक र एकजना बालिका गरी २ जना आमन्त्रित –सदस्य

(च) प्रधानाध्यापक –सदस्य सचिव

(२) विद्यालय व्यवस्थापन समितिका सदस्यहरुले उपदफा क र घ बमोजिमका सदस्यहरु मध्येबाट छानेको सदस्य सो समितिको अध्यक्ष हुने छ ।

(३) उपदफा २ बमोजिमको अध्यक्ष छनौट नभएसम्म सो समितिको जेष्ठ सदस्यले अध्यक्षको कार्य गर्ने छन् ।

९७. शिक्षक तथा कर्मचारीका अवकास सम्बन्धी व्यवस्था संधीय कानुन अनुसार हुनेछ ।

९८.शिक्षक तथा कर्मचारीकोसजाय सम्बन्धी व्यवस्था यस कानुनमा उल्लेख नभएमा संधीय कानुनले तोके अनुसार हुनेछ ।

९९. विद्यालयको वर्गीकरण संघीय कानुनले तोकेको मापदण्ड अनुसार शिक्षा समितिले गर्ने ।

१००. विद्यालय शुल्क सम्बन्धी व्यवस्था गाउँ परिषदको निर्णयानुसार हुनेछ ।

## परिच्छेद- १६

## शिक्षकलाई विभागीय सजाय

१०१. (१) शिक्षक तथा प्रधानाध्यापकले आफ्नो जिम्मेवारी पुरा गाउँमा निम्न लिखित सजाय दिइने छ ।

(क) नसियत दिने

(ख) ग्रेड रोक्का गर्ने

(ग) भविष्यमा अयोग्य नहुने गरी अवकाश गर्ने

(घ) भविष्यमा अयोग्य हुनेगरी अवकाश गर्ने

(२) सजाय गर्ने अधिकारी : प्रधानाध्यापको हकमा क,ख,ग,घ को सजाय दिने अधिकारी शिक्षा अधिकारी र शिक्षकको हकमा क र ख प्रधानाध्यापक तथा ग र घ शिक्षा अधिकारीले सजायका लागि शिक्षा समितिमा पेश गर्नुपर्ने छ ।

## परिच्छेद- १७

## सामुदायिक सिकाई केन्द्र सम्बन्धि व्यबस्था

१०२. (१) नौमुले गाउँपालिकाका प्रत्येक वडामा एक एक वटा सामुदायिक सिकाई केन्द्र रहेनेछन् ।

(२) उपदफा १ बमोजिमका सामुदायीक सिकाई केन्द्रको संचालन, रेखदेख तथा व्याबस्थापन सम्बन्धित वडा शिक्षा समितिको रहनेछ।

(३) सामुदायिक सिकाई केन्द्रको प्रशासकिय तथा शैक्षिक कार्य गर्नका लागि १ जना महिला सहजकर्ता रहनेछन् । तिनिहरुको सेवा सर्त र सुविधा संघिय सरकारले तोके बमोजिम हुनेछ । तर स्थानिय तहले सहजकर्तालाई आबश्यकता अनुसार अन्य कामका खटाई थप सेवा सुबिधा उपलब्ध गराउन सक्नेछ ।

(४) सामुदायिक सिकाई केन्द्रलाई गाउँपालिकालेबिभिन्न सिपमूलक तालिम संचालनको जिम्मा दिन सक्नेछ भने सहजकर्तालाई शैक्षिक संस्थाको पठनपाठनमा समेत सहभागी गराउन सक्नेछ ।

(५) सिकाइ केन्द्र संचालन नभएको वडामा नयाँ सिकाइ केन्द्र संचालन गर्दा सम्बन्धित वडाको सिफारिसमा गाउँपालिकालेस्वीकृती प्रदान गर्न सक्नेछ ।

## परिच्छेद- १८

## प्राबिधिक तथा उद्यमशिल विद्यालय सम्बन्धी व्यबस्था :

१०३. (१) नौमुले गाउँपाालिकाले आबश्यकताका आधारमा प्राबिधिक तथा उद्यमशिल शिक्षण संस्थाको संचालन गर्नेछ ।

(२) उपदफा १ बमोजिमका शिक्षण संस्थाहरु संचालन गर्दा साविकका साधारण विद्यालयलाई मात्र संचालन गर्न सकिनेछ ।

(३) उपदफा १ बमोमिका शिक्षण संस्थाले साधारण बाहेक शिक्षा तथा मानब स्रोत विकास केन्द्र र प्राबिधिक शिक्षा तथा व्यबसायीक तालिम परिषद् र नौमुले गाउँपालिकाको अनुमतिमा संचालन गर्न सकिनेछ ।

(४) उपदफा १ बमोजिमका शिक्षण संस्थाको संचालन नियमन लगायतका कार्यहरु तोकिए बमोजिम हुनेछ ।

(५) नौमुले गाउँपालिकालेसंचालन गरेका प्राबिधिक तथा उद्यमशिल विद्यालयहरुलाई भौतिक निर्माण तथा तलब भत्ता लगायतका प्रयोजनका लागि बार्षिक अनुदान दिइनेछ ।

